संघीय संसद

# राष्ट्रिय सभा

## विधायन व्यवस्थापन समिति

मितिः- २०७५ कार्तिक ९ गते शुक्रवार
बैठक संख्याः- ३६
समयः- दिनको ११:३० बजे

छलफलः

आजको बैठकमा विज्ञको रुपमा आमन्त्रित पहिलो संविधान सभाका माननीय सदस्य श्री खिमलाल देवकोटाले समितिद्वारा आगामी मंसिर महिनामा आयोजना गरिने कार्यशालाको लागि आधारपत्रको प्रारम्भिक मस्यौदा प्रस्तुत गर्नुभयो ।तत्पश्चात उक्त कार्यशालामा प्रस्तुत गरिने कार्यपत्रमा समेटिनु पर्ने विषयवस्तुहरुको सम्बन्धमा घनिभूत छलफल भयो। छलफलमा आमन्त्रित राष्ट्रिय सभा अन्तर्गत प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका माननीय सभापति श्री रामनारायण विडारी, राष्ट्रिय सभाका माननीय सदस्य श्री राधेश्याम अधिकारी र नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेल समेतको सहभागिता रहेको थियो।

निर्णयः

१. समितिको मिति २०७५ असोज २४ गतेको निर्णय अनुसार आगामी मंसिर महिनामा आयोजना गरिने कार्यशाला मंसिर ११ गते बिहान १०:०० बजेदेखि अपह्रान ४:०० बजे सम्म गर्ने ।
२. उक्त कार्यशालाका लागि समितिको कार्यक्षेत्रमध्ये "ऐन कार्यान्वयन मापनका आधार तथा औजार एवं मार्गचित्र" र "ऐन निर्माण पूर्व गरिने अध्ययन अनुसन्धान र यसको महत्व" गरी दुईवटा शीर्षकमा दुईजना विज्ञहरुबाट अलग अलग कार्यपत्र प्रस्तुतिको व्यवस्था मिलाउने।
३. उपरोक्त दुईवटा विषयमा टिप्पणीकर्ताको रुपमा तीन-तीनजना विज्ञलाई आमन्त्रण गर्ने ।

तदनन्तर समितिको आगामी बैठक २०७५ अर्को सूचना गरेपछि बस्ने गरी स्थगित भयो।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति